# बित्थडचिर गाउँपालिका
**Bitthadchir Rural Municipality**
## गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**

9858487345 प्र.प्र.अ.
18105000109 टोल फ्री नं.
Email:bitthadchirmun@gmail.com
Website:www.bitthadchirmun.gov.np

देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.:- २०८१।०८२
च.नं.:-

बित्थडचिर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देउलेख, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

### न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निबेदन दिने सम्बन्धी सूचना ।

**(सूचना प्रकाशित मितिः २०८१/१०/२९)**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ रोजगारीको हक सम्बन्धी नियमावली (द्रोस्रो संशोधन) २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका (पहिलो संशोधन ) २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८२/०८३ मा यस बित्थडचिर गाउँपालिका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० (एकसय) दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निमार्ण कार्यमा योगदान गर्न इच्छुक बेरोजगार नेपाली नागरिक (१८ बर्ष देखि ५९ बर्ष सम्म उमेर ) भएको व्यक्तिले मिति २०८१ फागुन १ गते देखि २०८१ फागुन २९ गते सम्म आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्वन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सुचिकृत हुनका लागि निबेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

निबेदनको ढाँचा र यस सम्बन्धी बिस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np तथा बित्थडचिर गाउँपालिकाको रोजगार सेवा केन्द्रमा र सम्वन्धित वडा कार्यालय बाट प्राप्त गर्न सकिने छ । निबेदनको ढाँचा सम्बन्धित वडाकार्यालयले उपलब्ध गराए बमोजिम वा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन २०७७) सहितको अनुसूची १ बमोजिम हुनु पर्ने छ ।

**आवश्यक कागजातहरु**

१. नेपाल सरकारले तोकेको न्यूनतम बार्षिक पारिश्रमिक भन्दा कम आय भएको परिवारको सदस्य भएको ।
२. निवेदकको नागरिकताको प्रतिलिपि १ थान ।
३. परिवारमा रहेका ब्यक्तिहरुको नागरिकता प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति अनिवार्य ।
४. निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपी १ प्रति ।
५. वसाईसराई गरेको भए सो प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

❖ द्रष्टव्य : निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ । अन्यथा फारम मान्य हुने छैन ।

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा, बित्थडचिर गाउँपालिका, सूचना वेबसाईटमा अपलोड गरिदिन हुन ।
श्री वडा कार्यालय सबै, बित्थडचिर गाउँपालिका ।

............
पदमराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

पदमराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत



CamScanner